# मिति २०८०।१२।०७ गते बसेको नगर कार्यपालिकाको १३५ औ बैठकको निर्णयहरु

निर्णय नं. १ : नदिजन्य पदार्थको उत्खनन् तथा व्यवस्थापन गर्ने सम्बन्धमा चालु आ.बको माघ २२ गते मात्र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट आ.ई.ई प्रतिवेदन स्वीकृत भई आएको, दोस्रो चौमासिक पुरा भै भईसक्दा पनि ठेक्का प्रक्रिया हुन नसकेको, सोको कारणले विकास निर्माणका कार्यहरु ठप्प हुन पुगेको, आम उपभोक्ताले आफ्नो घरायसी निर्माणको कार्यसम्पन्न गर्नलाई आवश्यक नदिजन्य पदार्थको पहुँचमा असहजता भएकोले स्वीकृत आ.ई.ई प्रतिवेदनमा उल्लेखित कुल परिमाणको २५ प्रतिशत हुन आउने परिमाण प्रविधिकले निर्दिष्ट गरे अनुसार आम उपभोक्ताले सदुपयोग गर्ने गरी सम्बन्धित वडा कार्यालयबाट नियमानुसार लाग्ने राजश्व दस्तुर बुझाई वडा कार्यालय र नगरपालिकाको अनुगमन समितिले नियमित अनुगमन गर्ने गरी उपभोक्ताहरुलाई हेभी मेसिनरी औजार प्रयोग नगरी हाते औजारहरुको प्रयोगबाट उत्खनन् गर्न अनुमति दिने तथा बिहान ६ बजे देखि साँझ ६ बजे सम्म मात्र ओसारपोसार गर्न दिने। साथै स्वीकृत आ.ई.ई प्रतिवेदनमा उल्लेखित कुल परिमाणको बाँकी ७५ प्रतिशत परिमाणलाई नदिबाटै मेसिनरी औजार (भ्याकुलोडर मात्र) प्रयोग गरी उत्खनन्, संकलन तथा व्यवस्थापन गर्न तपशिल बमोजिमको घाटहरुको ठेक्का प्रक्रिया अगाडी बढाउने र आगामी नगर सभाबाट अनुमोदन गराउने ।

तपशिलः

| क्र.स. | स्थान/घाटहरु | IEE Report अनुसार नदीजन्य पदार्थ उत्खनन् को लागि स्विकृत जम्मा परिमाण (क्यु.फिट) | ठेक्का प्रक्रियाबाट नदिजन्य पदार्थ उत्खनन् को लागि अनुमति दिने जम्मा परिमाण(क्यु.फिट) | टोल विकास/ आम उपभोक्ता/लाभग्राही समुदायको लागि नदिजन्य पदार्थ उत्खनन् को लागि अनुमति दिने जम्मा परिमाण(क्यु.फिट) |
|---|---|---|---|---|
| १ | लमही न.पा-२, रासीनदी छिगटपुर घाट | २,२५,९८४ | १,६९,४८८ | ५६,४९६ |
| २ | लमही न.पा-२, रासीनदी रनियापुर घाट | २,४०,१०८ | १,८०,०८१ | ६०,०२७ |
| ३ | लमही न.पा-२, रासीनदी भठनिया घाट | २,११,८६० | १,५८,८९५ | ५२,९६५ |
| ४ | लमही न.पा-७, रासीनदी हसनापुर घाट | २,९३,०७३ | २,१९,८०४ | ७३,२६८ |
| ५ | लमही न.पा-७, रासीनदी बनघुस्री घाट | २,५४,२३२ | १,९०,६७४ | ६३,५५८ |



नगर प्रमुख

नगर उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | लमही न.पा-८, रासीनदी नदी गिधिनिया घाट | २,८२,४८० | २,११,८६० | ७०,६२० |
| ७ | लमही न.पा-८, रासीनदी धनपुरुवा घाट | २,८८,१२९ | २,१६,०९७ | ७२,०३२ |
| ८ | लमही न.पा-४, रासीनदी बुटकहवा घाट | २,८८,१२९ | २,१६,०९७ | ७२,०३२ |
| ९ | लमही न.पा-४, रासीनदी सेमरहवा घाट | २,६८,३५६ | २,०१,२६७ | ६७,०८९ |
| १० | लमही न.पा-९, रासीनदी गौताल घाट | २,११,८६० | १,५८,८९५ | ५२,९६५ |

निर्णय नं. २ : लमही नगरपालिकाको आगामी १४ औ नगर सभाको बैठक मिति २०८० चैत्र ३० गते बस्ने।

निर्णय नं. ३ : लमही नगरपालिकामा कार्यरत सेवा करार तथा ज्यालादारीका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक नै रहेकोले लमही नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७८ बमोजिम स्विकृत संगठन संरचना र दरबन्दी अनुसार करारमा लिने भनी तोकीएको पद तथा दरबन्दी संख्या भित्रै पर्ने गरी विगत देखि यस नगरपालिकामा कार्यरत अनुसुची-१ बमोजिमका करार तथा ज्यालादारीमा करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८० माघ १ गते देखि २०८१ असार मसान्त सम्मको लागि म्याद थप गरी निरन्तरता दिई कामकाजमा लगाउने ।

निर्णय नं. ४ : चालु आ.व २०८०/८१ को लागि लुम्बिनी प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ बिउ भण्डार गृह स्थापना शिर्षकमा बिनियोजित बजेटबाट उक्त भण्डार गृह लमही नगरपालिका वडा नं. २ स्थित केरुनीयामा स्थापना गर्ने र अनुमोदनको लागि सभामा पेश गर्ने।

निर्णय नं. ५ : लमही नगरपालिकाबाट अनुगमन गर्दा फेला परेको नदिजन्य पदार्थ प्राविधिक नापजाँच गरी लागत अनुमान बमोजिम नियमानुसार राजस्व दस्तुर बुझी दस्तुर बुझाउनेलाई उक्त नदिजन्य पदार्थको जिम्मेवारी दिने ।

निर्णय नं. ६ : लमही नगरपालिकाको विधेयक समितिबाट तयार गरी स्वीकृतीको लागि पेश भएको तपशिल बमोजिमका कार्यविधीहरु स्वीकृत गर्ने।

तपशिल:



नगर उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क्र.स | कानुन/कार्यविधीको नाम | कैफियत |
|---|---|---|
| १ | नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धी, २०८० | |
| २ | घर बहाल कर व्यवस्थापन कार्यविधी, २०८० | |
| ३ | कन्टिन्जेन्सी रकम व्यवस्थपान र खर्च सम्बन्धी, २०८० | |
| ४ | आ.ब २०८०/८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम (स्वास्थ्य शाखा तर्फ) सञ्चालन कार्यविधी, २०८० | |
| ५ | लमही नगरपालिकास्तरीय परीक्षा सञ्चालन सम्बन्धी कार्यविधी, २०७६ (प्रथम संशोधन, २०८०) | |
| ६ | मेयरसँग ज्येष्ठ नागरिक स्वास्थ्य उपचार घरदैलो कार्यक्रम सञ्चालन कार्यविधी, २०८० | |
| ७ | नगरपालिकाको खर्च सम्बन्धि मापदण्ड २०७५ (दोस्रो संशोधन २०८०) | |

निर्णय नं. ७ : लमही नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको मिति २०८०/०८/ २८ गतेको बैठकको निर्णय अनुमोदन गर्ने।

निर्णय नं. ८ : लमही नगरपालिकाबाट आ.ब २०७८।७९ मा नदिजन्य पदार्थको स्वीकृत ठेक्का नं. रा।१४।लमही।०७८।७९ "लमही-७, अर्जुनखोला बनगैं घाट" को लागि श्री उज्वल निर्माण सेवाले २०७९ जेष्ठ मसान्तसम्म ४,३६,९६१ घन फिट मात्र उत्खनन् गर्ने गरी कुल कबुल रकम रु ६१,१७,४५४।- (भ्याट बाहेक) मध्य ४१,१७,४५४।- नगद र बाँकी २०,००,०००।- रकम बराबरको बैंक जमानत पेश गरेको, कुल कबोल रकमको १३ प्रतिशत भ्याट रकम रु ७९५२६९।- र १.५ प्रतिशत अग्रिम आय कर रकम रु ९,१७,६१।- जम्मा गरी मिति २०७८ चैत्र २३ गतेको ठेक्का सम्झौता भई उक्त घाटमा नदिजन्य पदार्थ उत्खनन् कार्य प्रारम्भ गर्दा त्यहाँ स्थानिय् बासिन्दाहरुले अबरोध गरी नदिजन्य पदार्थ उत्खनन् गर्न नदिएकोले उज्जल निर्माण सेवाको मिति २०७९।०२।२६ गतेको राजस्व रकम फिर्ता गरिदिने भनी निवेदन पेश भए अनुसार मिति २०७९।०२।१६ गतेको नगरस्तरीय अनुगमन प्रतिवेदन अनुसार उक्त स्थलमा कुनै पनि नदिजन्य पदार्थ उत्खनन् नभएको हुदाँ उक्त निर्माण सेवालाई ठेक्का सम्झैताको परिमाण बराबर जम्मा ४,३६,९६१ घन फिट मात्र आगामी आ.ब २०७९।८० मा उत्खनन् गर्न दिने भनी मिति २०७९/०३/१२ गतेको लमही नगरकार्यपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरिएकोमा कार्यालयको प्राविधिक कारणले उक्त निर्माण सेवालाई कायदिश दिन नसकीएको र मिति २०८०/०२/०४ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार आगामी आवको बार्षिक बजेटमा



नगर उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत

CamScanner

राजस्व फिर्ता शिर्षकमा बजेट बिनियोजन गरी रकम फिर्ता गर्ने भनी बजेट समेत बिनियोजन भैसकेको सन्दर्भमा लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधी २०७५ र नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा प्रचलित कानुनहरु बमोजिम राजस्व फिर्ता दिने स्पष्ट व्यवस्था नरहेकोले उक्त उज्वल निर्माण सेवाले माग गरे बमोजिमको लमही नगरपालिकाको विभाज्य कोषमा जम्मा भएको राजस्व रकम रु ४१,१७,४५४।- अक्षरुपी एकचालीस लाख सत्र हजार चार साय चउन्न हजार मात्र फिर्ता दिन नसकिएकोले स्वीकृत आ.ई.ई प्रतिवेदनमा भए बमोजिम लमही नगरपालिका वडा ७ बनगैंघाटमा नदिजन्य पदार्थ २०८१ जेष्ठ मसान्तसम्म सो निर्माण सेवालाई लमही न.पा विभाज्य कोषमा जम्मा भएको राजस्व रकम, मु.अ.कर र अग्रिम आयकर गरी कुल जम्मा रु ५०,०४,४८४।- बरारबर चालु आ.वको नदिजन्य पदार्थको दररेट अनुसारको परिमाण मात्र मेसिनरी औजार (भ्याकुलोडर मात्र) प्रयोग गरी उत्खनन् गर्न कायदिश दिने र अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने।

निर्णय नं. ९ : साविक ध्रुवतारा ईङ्गलिस बोडिङ् स्कुल प्रा.लि गढवा-७ लाई स्थानान्तरण गरी लमही नगरपालिका वडा नं. ५, देउपुर स्थित गोरक्ष पात्रदेवता सिद्धरत्ननाथ मठ घोराही-१७, चौघेरा दाङको दर्ता श्रेस्तामा रहेको साविक चौलाही २।ङ कित्ता नं. १०९ को जग्गामा सञ्चालनको अनुमति पाउँ भनी दिएको निवेदन सम्बन्धमा तपशिल बमोजिमको संस्थागत विद्यालय संचालन अनुमति अनुगमन समिति गठन गर्ने र उक्त समितिले यथासिघ्र स्थलगत अनुगमन गरी मापदण्ड पुरा भएको वा नभएको विषयमा प्रतिवेदन पेश गर्ने ।

तपशिल:

| क्र.स | नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | संयोजक | |
| २ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | सदस्य | |

निर्णय नं. १०: लमही नगरपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी तयार गरी कार्यपालिकामा पेश गर्ने सौद्धान्तिक सहमति प्रदान गर्ने।



नगर उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८० साल चैत्र ०९ गते शुक्रबारको दिन दिनको २: ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

आज मिति २०८० साल चैत्र ११ गते आईतबारको दिन दिनको २: ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

मिति २०८०।१२।११ गते बसेको नगर कार्यपालिकाको १३६ औ बैठकको निर्णयहरु

र्णय नं. १ : नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगत आर्थिक बर्ष २०८०/८१ को लागि यस नगरपालिकाको लागि स्वीकृत भई LMBIS प्रविष्ट भई सकेको बजेट रु २,८४,००,०००।- अक्षरुपी सात करोड रुपैया मिति २०८०/११/०८ गतेको नगर समन्वय समितिको बैठकको सिफारिस अनुसार आयोजना सञ्चालन गर्ने ।

CamScanner

आज मिति २०८० साल चैत्र १८ गते आईतबारको दिन दिनको २: ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थितीः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

CamScanner

## मिति २०८०।१२।१८ गते बसेको नगर कार्यपालिकाको १३६ औं बैठकको निर्णयहरु

निर्णय नं. १ : नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगत आर्थिक बर्ष २०८०/८१ को लागि यस नगरपालिकाको लागि स्वीकृत भई LMBIS प्रविष्ट भई सकेको बजेट रु ७,००,००,०००।- अक्षरुपी सात करोड रुपैया मिति २०८०/१२/०६ गतेको नगर समन्वय समितिको बैठकको सिफारिस अनुसार आयोजना सञ्चालन गर्ने ।

निर्णय नं. २ : यस प्रस्ताव माथि आगामी बैठकमा छलफल गर्ने।

निर्णय नं. ३ : यस प्रस्ताव माथि आगामी बैठकमा छलफल गर्ने।

निर्णय नं. ४ : संघिय सशर्त अनुदान तर्फ किसान सूचीकरण कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक किसानहरुको आवश्यक विवरणहरु तथा कृषि तथ्याङ्क विद्युतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण कार्यक्रम अगाडी बढाउन सहजकर्ताको आवश्यकता पर्ने भएकाले लमही नगरपालिका वडा नं ३ वाट सुरु गर्ने गरी किसान सूचीकरण कार्यक्रम कार्यविधि २०७७ अन्तर्गत परिच्छेद ७ को दफा १९ को उपदफा (२) बमोजिम सहजकर्ता छनोट प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ५ : लमही नगरपालिका खेलकुद कार्यक्रमको तपशिल बमोजिमको खर्च नगरस्तरीय मेयरकप लागायत अन्य खेलकुद प्रतियोगिता सञ्चालन शिर्षकबाट भुक्तानी दिने।

तपशिलः

| क.स | खेलकुद प्रतियोगिता | खर्च रकम | आयोजक |
|---|---|---|---|
| १ | खुम बहादुर खड्का स्मृती कप (भलिबल) | | खुम बहादुर खड्का समाज विकास समिति |
| २ | घोराही गोल्डकप (फुटबल) | | नगर खेलकुद विकास समिति घोराही |
| ३ | अन्तरपालिकास्तरीय मैत्रीपुर्ण फुटबल प्रतियोगिता | ७२,८५०।- | गढवा गाउँपालिका, दाङ |

निर्णय नं. ६ : लमही नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार प्रत्येक वडामा व्यवसाय दर्ता तथा नविकरण शिविर सञ्चालन गर्ने साथै सोहि शिविर संगै गरिब परिवार परिचयपत्र वितरणको कार्यलाई समेत एकिकृत गरी शिविर सञ्चालन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

नगर प्रमुख

CamScanner

नगर प्रमुख

र्णय नं. ७ : न्यायिक समितिको मिति २०८०/०४/२३ र २०८०/०३/२५ पत्रानुसार कार्यान्वयनका लागि लेखी आएका उक्त समितिले गरेको तपशिल बमोजिमका निर्णय/फैसला सम्बन्धित वडा कार्यालय र सुरक्षा निकायको सहयोग र समन्वयमा कार्यन्वयन गर्ने।

तपशिल:

| क्र.स | निर्णय/फैसला मिति | वादी | प्रतिवादी | मुद्दा |
|---|---|---|---|---|
| १ | २०८०/०४/१९ | एकान्तेश्वर चौधरी (लमही-५,दाङ) | डा. पुष्प भुसाल (लमही-४,दाङ) | तलब भत्ता दिलाई पाउँ। |
| २ | २०८०/०३/०८ | चल्लु चौधरी (लमही-६,दाङ) | गेदी चौधरी (लमही-६,दाङ) | बाटो खाली गराई पाउँ। |
| ३ | २०८०/०४/१९ | राज कुमारी चौधरी (लमही-४,दाङ) समेत जना ८ | सुधा भण्डारी बुढाथोकी (लमही-६,दाङ) | ज्याला मजदुरीको रकम दिलाई पाउँ। |

निर्णय नं. ८ : लमही नगरपालिकाको आ.ब २०८०/८१को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार भेडाबाखालाई पि.पि.आर खोप निःशुल्क कार्यक्रम सञ्चालनको लागि कार्यालयबाट प्रकाशित सुचनानुसार ५ जना माग भएको तर सम्बन्धित प्राविधिकहरुको ८ वटा आवेदन दर्ता हुन आएकोले यस नगरपालिकाको भौगोलिक अवस्थालाई मध्येनजर गरी सबै आवेदकहरुलाई खोप कार्यक्रममा कामकाज लगाउने साथै संघिय सरकारबाट स्वीकृत पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम निजहरुलाई परिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउने।

निर्णय नं. ९ : लमही नगरपालिकाको आ.ब २०८०/८१को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार कृत्रिम गर्भधारण गराएका गाई/भैंसीलाई सुत्केरी स्याहार खर्च उपलब्ध गराउने सम्बन्धमा प्रति गाई/भैंसीलाई रु २०००।- अक्षरुपी दुई हजार उपलब्ध गराउने।

निर्णय नं. १० : लमही नगरपालिका पूर्वाधार विकास समितिको मिति २०८०/१२/१८ गतेको बैठकको निर्णयहरु अनुमोदन गर्ने।

निर्णय नं. ११: लमही नगरपालिका वडा नं. ५ रातोडाँडा बस्ने रेखा शाहको मिति २०७४/०९/१३ गतेमा घर नक्सा पास निवेदन दिएको र मिति २०७७/०८/१५ मा म्याद २ बर्षको लागि मिति २०७९/०१/१९ गते सम्मको लागि म्याद थप लिएको तर उक्त म्याद भित्र घरनक्सा पासको कार्यसम्पन्न नभएकोले पुन म्याद थप गर्नको निवेदन पेश भई आएको सम्बन्धमा निजलाई २०८१ साल असार मसान्तसम्मको लागि घर नक्सा पास सम्पन्न गर्न म्याद थप गर्ने।

नगर उप-प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगर प्रमुख

प्रस्ताव नं. १२ : लमही नगरपालिका वातावरण तथा विपद् व्यवस्थापन समितिको समितिको मिति २०८०/१२/०६ गतेको बैठकमा भएको राहात दिने सम्बन्धमा भएको निर्णयहरु अनुमोदन गर्ने।

प्रस्ताव नं. १३ : ध्रुवतारा ईङ्गलिस बोडिङ् स्कुल प्रा.लि गढवा-७ लाई स्थानान्तरण गरी लमही नगरपालिका वडा नं. ५, देउपुर स्थित गोरक्ष पात्रदेवता सिद्धरत्ननाथ मठ घोराही-१७, चौघेरा दाङको नाममा दर्ता श्रेस्ता रहेको साविक चौलाही २ ङ कित्ता नं. १०९ को २-२-९ मध्य रत्ननाथ मन्दिर देखि उत्तर तर्फको ज.वि. १-१०-० जग्गामा गुरुकुल एकेडेमी लमही प्रा.लि ले स्वीकृत आधारभुत विद्यालय स्थानान्तरण गरि सञ्चालन गर्न सञ्चालनको अनुमति पाउँ भनी लमही नगरपालिका ५ नं. वडा कार्यालयको मिति २०८०/१२/०४ गतेको सिफारिस पत्र, गढवा गाउँपालिका गाउँ कार्यपालिका शिक्षा शाखाको पत्र संख्या २०८०/८१, च.नं. ११७, मिति २०८०/०९/२६ को सहमति पत्र साथै राखि दिएको निवेदन सम्बन्धमा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/१२/०७ गते बसेको बैठकको निर्णयानुसार यस नगरपालिकाको प्रवक्ता तथा ७ नं. वडा का वडा अध्यक्ष श्री मोहन गिरी ज्यूको संयोजकत्वमा गठित समितिले उक्त संस्थागत विद्यालय संचालनको लागि स्थानान्तरण गरि सञ्चालन गर्नको लागि अनुमति दिन मिल्ने हो होईन भन्ने सन्दर्भमा अनुगमन प्रतिवेदन पेश भएको,

गूरुकुल एकेडेमी लमही प्रा.लि (साविक ध्रुव तथा ईङ्गिस बोडिङ् स्कुल प्रा.ली)को मिति २०८०/१२/०८ गतेको पत्रानुसार निवेदन साथ संलग्न गरी पेश गरेको कम्पनी रजिष्टार कार्यालय, आन्तरिक राजस्व कार्यालय, जग्गा लिज करार सम्झौता पत्र लगायतका कागजातहरु अध्ययन गरी उक्त जग्गाको जग्गाधनी सिद्धरत्ननाथ मठलाई यस कार्यालयको मिति २०८०/१२/१६ गतेको पत्र मार्फत उक्त मठ र सञ्चालन गर्न माग गरेको विद्यालयको बिच भएको जग्गा बहाल करार सम्झौताको सम्बन्धमा मठको जग्गा बहाल करार सम्झौता गर्न मिल्ने हो वा होईन ? सम्झौता गर्ने अधिकार सुरतनाथ योगीलाई छ वा छैन? एउटा कम्पनीले करारमा लिएको उक्त जग्गा पुनः अर्को कम्पनीलाई करार सम्झौता गर्न मिल्ने हो वा होईन ? उक्त जग्गामा विद्यालय सञ्चालन गर्न मिल्ने हो वा होईन ? भनी लेखी पठाइएकोमा उक्त गोरक्ष-पात्रदेवता-सिद्धरत्ननाथ मठको पत्र संख्याः ०८०/८१ चलानी नं. ९७, मिति २०८०/१२/१८ गतेको पत्रानुसार श्री गोरक्ष-पात्रदेवता-सिद्धरत्ननाथ मठ व्यवस्थापन समितिको निर्णयानुसार उक्त जग्गा गुरुकुल विद्यालयलाई करारमा(लिजमा) २५ बर्षको लागि दिएको, मठको जग्गा करार सम्झौता गरी दिन मिल्ने, उक्त जग्गाको करार सम्झौता गर्ने श्री सुरतनाथ योगीलाई अख्तियारी रहेको, विद्यालय सञ्चालन प्रयोजनार्थ अन्य कम्पनीसंग सम्झौता गर्न कानुनी रुपमा कुनै बाधा

नगर उप-प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगर प्रमुख

देखिदैन सो जग्गामा विद्यालय सञ्चालन गर्न मिल्ने भनी गुठीबाट पत्र प्राप्त भएको र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलीपी समेत पत्र साथ प्राप्त भएको

साथै यस नगरपालिकाको प्रवक्ता तथा ७ नं. वडा का वडा अध्यक्ष श्री मोहन गिरी ज्यूको संयोजकत्वमा संस्थागत विद्यालय संचालन अनुमति अनुगमन समितिले स्थलगत अनुगमन गरी मापदण्ड पुरा भएको वा नभएको सम्बन्धमा उक्त प्रस्तावित गुरुकुल विद्यालय लमही लाई आधारभुत कक्षा संचालनको लागि अनुमति माग गरेको र मापदण्ड समेत पुरा भएकोले कक्षा सञ्चालन स्वीकृती प्रदान गर्न मनासिब देखिएकोले अनुमति दिन राय पेश गरेको व्यहोरा अनुरोध छ भनी मिति २०८०/१२/१४ गते यस कार्यालयमा प्रतिवेदन पेश गरेको हुँदा गढवा गा.पा. वडा नं. ७ र लमही न.पा. वडा नं. ५ को सिमाना विचमा राप्ती नदी परी सिमा जोडिएको समेत हुँदा यस लमही क्षेत्रको शैक्षिक गुणस्तरलाई सुधार गर्ने र संस्थागत विद्यालयले प्रदान गर्ने सेवालाई थप प्रभावकारी तथा प्रतिस्पर्धी बनाउने उद्देश्यले वडा कार्यालयको सिफारिस पत्र, श्री गोरक्ष-पात्रदेवता-सिद्धरत्ननाथ मठको पत्र र अनुगमन समितिको प्रतिवेदनको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ज. मा भएको व्यवस्था एवम् संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ बमोजिम साविक ध्रुवतारा ईङ्लिस बोर्डिङ् स्कुल प्रा.लि. हाल गुरुकुल एकेडेमी लमही प्रा.लि. गढवा गा.पा ७ लाई लमही-५ गोरक्षटोलमा स्थानन्तरण गर्न अनुमति दिने साथै गुरुकुल एकेडेमी लमही प्रा.ली लमही-५ (साविक ध्रुवतारा ईङ्लिस बोर्डिङ् स्कुल प्रा.लि.) लाई स्वीकृती प्राप्त भए बमोजिम २०८१ सालको शैक्षिक सत्र देखी आधारभुत तहसम्मको कक्षा सञ्चालन गर्न अनुमति दिने।

नगर उप-प्रमुख

प्रमुख प्रशासकीय अधिकृत